# वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान बुलेटिन
# सेरोफेरो
SEROPHERO

अंक २२-२०८१।०८२।०१ २०८१ श्रावण


**Statement of patients flow for the month of Ashad 2081**

| OPD | Total Reg | Follow up within 10 days (~25%) | Grand Total |
|---|---|---|---|
| GENERAL PRACTICE & EMERGENCY MEDICINE | **2813** | **703** | **3516** |
| **SPECIAL OPD** | | | |
| ANAESTHESIOLOGY & CRITICAL CARE | 23 | 3 | 26 |
| CARDIOLOGY | 1697 | 255 | 1952 |
| CTVS (CARDIOTHORACIC AND VASCULAR SURGERY) | 114 | 17 | 131 |
| DENTAL | 2639 | 396 | 3035 |
| DERMATOLOGY & VENEROLOGY | 4095 | 614 | 4709 |
| ENT/OTORHINOLARYNGOLOGY AND HEAD & NECK SURGERY | 3240 | 486 | 3726 |
| GASTRO-ENTEROLOGY & HEPATOLOGY | 1593 | 239 | 1832 |
| INTERNAL MEDICINE | 7160 | 1074 | 8234 |
| OBSTETRICS & GYNAECOLOGY | 5552 | 833 | 6385 |
| OPHTHALMOLOGY | 1327 | 199 | 1526 |
| ORTHOPAEDICS | 5013 | 752 | 5765 |
| PAEDIATRICS & ADOLESCENT MEDICINE | 2621 | 393 | 3014 |
| PSYCHIATRY | 1851 | 278 | 2129 |
| PULMONARY, CRITICAL CARE & SLEEP MEDICINE | 776 | 116 | 892 |
| SURGERY | 4699 | 705 | 5404 |
| SURGICAL GASTROENTEROLOGY | 100 | 15 | 115 |
| OTHER DEPARTMENT in Midas software (Come for investigation purpose only) | 827 | 124 | 951 |
| **Sub Total** | **43327** | **6499** | **49826** |
| **EMERGENCY** | | | |
| CENTRAL | 3982 | 0 | 3982 |
| GYNAE /OBSTETRICS | 875 | 0 | 875 |
| PAEDIATRIC | 1499 | 0 | 1499 |
| **Sub Total** | **6356** | 0 | **6356** |
| **Grand Total :** | **52496** | **7202** | **59698** |
| Paying (EHS) | 3821 | | |
| Nepal Govt Social Insurance | 26034 | | |
| Other Scheme | 22641 | | |
| **Ward IPD** | **3646** | | |
| *ICU/CCU/PCCU/IMCCU/SICU* | | | |
| *NICU/PICU/MICU/Nursery* | **144** | | |
| *Dialysis* | **1830** | | |

***Source: Hospital Administration***
***Prepared by Information and Communication Center***

## प्रतिष्ठानमा आन्तरिक बढुवाको नतिजा प्रकाशित

प्रतिष्ठानमा कार्यरत कर्मचारी तर्फ १४ वर्ष तथा शिक्षक तर्फ ६ वर्ष देखि थाती रहेको बढुवा प्रकृयाले हाल निकास पाई नतिजा प्रकाशित भएको छ ।

प्रतिष्ठानमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको फायल मूल्यांकन तथा अन्तर्वार्ता प्रकृयाबाट आन्तरिक एक तह बढुवाको नतिजा मिति २०८१ आषाढ २७ गते प्रकाशित भएको हो । उक्त प्रकृयाका लागि २०७९ पौष २० गते शिक्षक तथा कर्मचारीहरुको एक तह बढुवा तथा स्तर वृद्धी र २०७९ माघ २५ गते करार सेवामा पदपूर्ति गर्न प्रतिष्ठानबाट सूचना जारी गरी आवेदन माग गरिएको थियो ।

नतिजा प्रकाशन पश्चात् २०८१ आषाढ २८ गते उपकुलपतिज्यूको सभा हलमा बैठक बस्यो । बैठकमा उपकुलपति डा.ज्ञानेन्द्र गिरीज्यू, शिक्षाध्यक्ष प्रा.डा.संजिव कुमार शर्माज्यू, रजिष्ट्रार प्रा.डा.सुर्य प्रसाद संग्रौलाज्यू, डेपुटी अस्पताल निर्देशक डा.इन्द्र कुमार लिम्बू, डीन (शैक्षिक) प्रा.डा.शिवेन्द्र झा, डीन (परीक्षा) प्रा.डा.कृष्णा पोखरेल, सहायक डीन (परीक्षा) डा.धन केशर खड्का, सिनेट सदस्यद्वय प्रा.डा.निलाम्बर झा तथा डा.नारायण भट्टराई, प्रवक्ता डा.अन्जु प्रधान, सह प्रवक्ता डा.अभिजीत कुमार, प्रमुख होस्टेल वार्डेन डा.शमशेर श्रेष्ठ, शिक्षक कल्याण समाजका अध्यक्ष डा.सेराज खान, कर्मचारी कल्याण समाजकी अध्यक्ष श्री कविता ढकाल तथा अफिसर्स क्लबका अध्यक्ष श्री राकेश दास लगायतको उपस्थिती रहेको थियो । बैठकमा नतिजा प्रकाशन भएको सम्बन्धमा समिक्षा तथा छलफल गरिएको थियो । बैठकमा बोल्ने क्रममा उपकुलपतिज्यूले नियमित अन्तरालमा हुने बढुवा प्रकृयालाई बगिरहेको नदिसँग तुलना गर्दै त्यसलाई रोक्न नहुने बताउनु भयो । बढुवाको नजिता पश्चात् पदोन्नती भएका सम्पूर्ण शिक्षक तथा कर्मचारीहरुलाई बधाई तथा शुभकामना व्यक्त गर्दै सबैले आ-आफ्नो दायित्व एवम् पाएको नयाँ जिम्मेवारीलाई इमान्दारीतापूर्वक निर्वाह गर्ने बारे आफु विश्वस्त रहेको पनि वहाँले बताउनु भयो ।

उपकुलपतिज्यूको नेतृत्वमा पदाधिकारीज्यूहरुको अथक प्रयास तथा सरोकारवालाहरुका साथै सम्बन्धित निकायहरुको साथ सहयोगले प्राप्त यो ऐतिहासिक उपलब्धीबाट पदोन्नती हुनु भएका शिक्षक, कर्मचारीहरुमा हर्षोल्लास छाएको छ ।

### हार्दिक अनुरोध

समाचारजन्य जानकारी, कार्यक्रम, स्वास्थ्य सम्बन्धी लेख, रचना आदि सूचना तथा संचार केन्द्रमा उपलब्ध गराई दिनुहुन सम्पूर्ण शिक्षक, चिकित्सक, कर्मचारी, विद्यार्थीवर्ग एवम् सम्बद्ध सबैमा हार्दिक अनुरोध गर्दछौं । कृपया आफ्ना सामाग्रीहरुको Soft copy पठाउँदा Kantipur Font मा पठाई दिनुहुन पनि अनुरोध गर्दछौं ।

- सूचना तथा सञ्चार केन्द्र

## Advanced Teachers' Training on Essential of Student's Assessment सम्बन्धी तालिम सम्पन्न



प्रतिष्ठानको Health Profession Education (HPE) Department ले जुलाई ७ देखि ९, २०२४ सम्म Advanced Teachers' Training on Essentials of Student's Assessment बिषयमा तीन दिने शिक्षक प्रशिक्षण कार्यक्रमको आयोजना गरेको थियो । प्रतिष्ठानका विभिन्न विभागमा पठन पाठनमा संलग्न शिक्षकहरुका लागि आयोजित उक्त प्रशिक्षणमा २५ जना शिक्षकहरु सहभागी हुनु भएको थियो ।

शिक्षाध्यक्ष प्रा.डा.संजिव कुमार शर्माज्यू लगायत Health Profession Education Core Group (HPECG) का सदस्यहरुले पानसमा बत्ती बालेर कार्यक्रमको उद्घाटन गर्नु भएको थियो । HPECG की संयोजक डा.अन्जु प्रधानले स्वागत मन्तव्य राख्दै कार्यक्रमलाई अगाडी बढाउनु भएको थियो । मन्तव्य राख्ने क्रममा शिक्षाध्यक्षज्यूले कार्यक्रम सफलताको शुभकामना दिँदै 'गुरु ब्रम्हा, गुरु विष्णु' को संस्कार बोकेका विद्यार्थीहरुलाई शिक्षकहरुले पनि उत्तिकै महत्वका साथ शिक्षा तथा ज्ञान प्रदान गर्नु पर्ने धारणा राख्नु भएको थियो । प्रतिष्ठानमा विद्यमान परीक्षा सम्बन्धी नीतिलाई समय समयमा परिष्कृत गर्दै लैजान यस किसिमका कार्यक्रमको आवश्यकता रहेको पनि वहाँले बताउनु भयो ।

कार्यक्रममा सहभागीहरुलाई विद्यार्थीको मूल्यांकन (Assessment) गर्ने विविध विधि सम्बन्धी प्रशिक्षण दिइएको थियो । उक्त प्रशिक्षण कार्यक्रमलाई प्रस्तुतीकरण, समुह कार्य, गतिविधि एवम् छलफल गरी छुट्टा छुट्टै समुहमा विभाजन गरी संचालन गरिएको थियो ।

HPECG का सदस्यहरु, डा.अन्जु प्रधान, प्रा.डा.तारा शाह, प्रा.डा.निर्मला लिम्बू, डा.विजय कुमार खनाल, डा.विनोद कुमार लाल दास, डा.परिणिता थापा र डा.अभिनय लुइटेलले कार्यक्रममा सहजकर्ताको भूमिका निर्वाह गर्नु भएको थियो भने सल्लाहकारहरुमा शिक्षाध्यक्षज्यू तथा प्रा.डा.विष्णुहरि पौडेलज्यू रहनु भएको थियो ।



कार्यक्रममा श्रोत शिक्षकको रुपमा प्रतिष्ठानबाट प्रा.डा.बालकृष्ण भट्टाराई, प्रा.डा.बिक्रम प्रसाद श्रेष्ठ तथा प्रा.डा.कृष्णा पोखरेल रहनु भएको थियो भने छिमेकी देश चाइनाको University of Hongkong (Shenzhen) का सिनियर कन्सल्टेन्ट Dr.Zhang Zhongfang श्रोत व्यक्तीको रुपमा हुनुहुन्थ्यो र वहाँले Online का माध्यमबाट प्रशिक्षण दिनु भएको थियो । वहाँ चाइनाको शिक्षा मन्त्रालय अन्तर्गत Assessor for Accreditation of Medical Education रहनुका साथै Foundation for the Advancement in Medical Education and Research (FAIMER) Institute, USA मा Global Faculty/Project Advisor रहनु भएको छ ।

कार्यक्रमको अन्त्यमा सहभागीहरुलाई प्रमाणपत्र वितरण पश्चात् सबैलाई संयोजक प्रधानले धन्यवाद ज्ञापन गर्दै कार्यक्रमको समापन गर्नु भएको थियो ।

उक्त प्रशिक्षण कार्यक्रममा सबै सहभागीहरुले उत्साहपूर्वक भाग लिनुका साथै यसको प्रभावकारिता बारे सकारात्मक प्रतिकृया दिँदै प्रशिक्षण अत्यन्तै फलदायी रहेको र यसलाई निरन्तरता दिनु पर्ने कुरामा जोड दिनु भयो ।

## "B.Sc. Nursing Curriculum Revision Workshop" सम्पन्न



प्रतिष्ठानमा संचालनमा रहेको शैक्षिक कार्यक्रम Bachelor of Science in Nursing (B.Sc. Nursing) को पाठ्यक्रम समीक्षा तथा संशोधन गर्न मिति २०८१ आषाढ ५ र ६ गते कलेज अफ नर्सिङ्गमा दुई दिने कार्याशाला गोष्ठी सम्पन्न भएको छ । प्रतिष्ठानको आयोजना तथा कलेज अफ नर्सिङ्गको तत्वावधानमा सम्पन्न उक्त कार्यक्रमको उद्घाटन प्रतिष्ठानका शिक्षाध्यक्ष प्रा.डा.संजिव कुमार शर्माज्यूले पानसमा बत्ती बालेर गर्नुभएको थियो ।

प्रतिष्ठानका तर्फबाट शिक्षाध्यक्षज्यू लगायत रजिष्ट्रार प्रा.डा.सूर्य प्रसाद संग्रौलाज्यू, अस्पताल निर्देशक डा.जगत नारायण प्रसादज्यू, डीन (शैक्षिक) प्रा.डा.शिवेन्द्र झा, कलेज अफ नर्सिङ्गका शिक्षकहरुका साथै मेडिकल कलेजका शिक्षकहरुको सहभागिता रहेको उक्त उद्घाटन कार्यक्रममा प्रतिष्ठान बाहिरबाट अतिथिका रुपमा नेपाल नर्सिङ्ग काउन्सिलकी रजिष्ट्रार श्री शुक्ला खनालज्यू तथा महाराजगञ्ज नर्सिङ्ग क्याम्पस प्रमुख प्रा.मुना राना थापाज्यूको उपस्थिति रहेको थियो । कार्यक्रममा चिफ, कलेज अफ नर्सिङ्ग तथा उक्त गोष्ठीका अध्यक्ष प्रा.रमानन्द चौधरीले स्वागत मन्तव्य दिनु भएको थियो भने बी.एस्सी. नर्सिङ्ग कार्यक्रम संयोजक रम्भा सिग्देलले धन्यवाद मन्तव्य दिनु भएको थियो । मन्तव्यको क्रममा शिक्षाध्यक्षज्यूले हाल अध्यापन भइ रहेको पाठ्यक्रमलाई समय सापेक्ष रुपमा अद्यावधिक तथा परिष्कृत गर्दै लैजानु पर्ने आजको आवश्यकता रहेको बारे बताउनु भयो । अतिथिद्वय श्री खनालज्यू तथा प्रा.राणाज्यूले पनि आजको परिप्रेक्षमा पाठ्यक्रमहरु हरेक पाँच वर्षमा

अद्यावधिक गर्न जरुरी रहेको बारे बताउनु भयो ।

उद्घाटन कार्यक्रम पश्चात् दोश्रो सत्रमा सहभागीहरुलाई चार समुहमा विभाजित गरी ग्रुप वर्क, प्रेजेन्टेसन, डिस्कसन तथा फिडब्याक जस्ता गतिविधिहरुको आयोजना गरिएको थियो । गोष्ठीको पहिलो दिन मुल रुपमा Basic Science & Core Subjects सम्बन्धमा छलफल भएको थियो भने दोश्रो दिन Nursing Specialty Subjects सम्बन्धमा छलफल भएको थियो । दोश्रो दिनको अन्त्य तिर संशोधित पाठ्यक्रमको अन्तिम लेखन कार्यका साथै सो को Valedictory function को आयोजना गरिएको थियो ।

गोष्ठीमा एनाटोमी विभाग, फिजियोलोजी विभाग, बायोकेमिष्ट्री विभाग, फर्माकोलोजी विभाग, न्यूट्रिसन एण्ड डाइटेटिक्स विभाग तथा स्कुल अफ पब्लिक हेल्थ एण्ड कम्यूनिटी मेडिसिन विभागका प्रतिनिधीहरुको सक्रिय सहभागिता रहेको थियो ।

कार्यक्रमको अन्त्यमा सहभागी सम्पुर्णलाई शिक्षाध्यक्षज्यू तथा चिफ, कलेज अफ नर्सिङ्गले प्रमाणपत्र वितरण गर्नु भएको थियो ।

## EWARS सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न



नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाद्वारा जिल्ला स्वास्थ्य कार्यलय, सुनसरी मार्फत प्राप्त आर्थिक सहयोगमा प्रतिष्ठानमा शिक्षक, चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई Early Warning and Reporting System (EWARS) को उद्देश्य, महत्व र रिर्पोटिङ्ग सम्बन्धी ज्ञान अभिवृद्धि गर्ने उद्देश्यले अभिमुखिकरण कार्यक्रम आयोजना गरिएको थियो । प्रतिष्ठानको मेडिकल रेकर्ड शाखाले संयोजन गरेको उक्त अभिमुखिकरण कार्यक्रम २०८१ असार २६,२७ र २८ गते प्रतिष्ठानको HPE विभागको तालिम हलमा सम्पन्न भएको थियो ।

पहिलो दिन, २०८१ असार २६ गते प्रतिष्ठानका अस्पताल निर्देशक डा.जगत नारायण प्रसादको निर्देशनमा डेपुटी अस्पताल निर्देशक डा.इन्द्र कुमार लिम्बूले उद्घाटन गर्दै अभिमुखिकरण कार्यक्रम प्रारम्भ भएको थियो । सर्वप्रथम मेडिकल रेकर्ड शाखाका अधिकृत सुनिल पराजुलीद्वारा कार्यक्रमको उद्देश्य, EWARS र तत्सम्बन्धी समयमै रिर्पोटिङ्ग गर्नुको महत्व, तथ्यांकको खोज, महामारी हुनुका कारण र निवारणका तरिका तथा प्रतिष्ठानले EWARS अन्तर्गत गरेका कार्यहरुको बारेमा प्रकाश पारियो । तत्पश्चात् पेडियाट्रिक विभागका डा.श्याम प्रसाद काफ्लेले EWARS सम्बन्धी रिर्पोट गरिने रोगहरुको बारेमा पूर्ण विवरणका साथै प्रयोगशालाको महत्व र कार्यको बारेमा प्रकाश पार्नु भएको थियो ।

तीन दिने उक्त कार्यक्रममा दैनिक ५० जनाको हिसाबले जम्मा १ सय ५० जना सहभागीहरुलाई EWARS सम्बन्धी अभिमुखिकरण गराइएको थियो । कार्यक्रममा सहभागीहरुलाई आवश्यक शैक्षिक सामग्री, खाजा लगायतको व्यवस्था गरिएको थियो । सहभागीहरुको दर्ता कार्य तथा सामग्रीहरु वितरण कार्यमा मेडिकल रेकर्ड शाखाका कर्मचारी श्री नरेन्द्र बहादुर कार्की, श्री रुबिना सुनाम लगायतले सहयोग गर्नु भएको थियो ।

नेपाल सरकारको नीति बमोजिम आगामी दिनहरुमा पनि यस प्रकारको अभिमुखिकरण कार्यक्रमको नियमित रुपमा आयोजना गर्दै जाने मेडिकल रेकर्ड शाखा प्रमुख पराजुलीले सेरोफेरालाई बताउनु भयो । यस प्रकारको अभिमुखिकरण कार्यक्रमले स्वास्थ्यकर्मीहरुलाई सचेत बनाई रोगहरुको पहिचान गरि समयमै रिर्पोट गर्ने बानीको विकास हुने हुँदा बेला बेलामा समाजमा फैलने गरेको महामारीबाट बच्न र बचाउन सकिने विश्वास रहेको पनि वहाँले बताउनु भयो ।

## प्रतिष्ठानमा दुई दिने क्यान्सर स्किनिङ्ग कार्यक्रम सम्पन्न




प्रतिष्ठानको आयोजना तथा नेपाल नर्सिङ्ग संघ, बी.पी.के.आई.एच.एस. यूनिटको तत्वावधानमा महिलाहरुको पाठेघरको मुखको क्यान्सर स्किनिङ्ग (Human Papiloma Virus & DNA Test) कार्यक्रम सम्पन्न भएको छ । प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला, विराटनगर तथा धरान उपमहानगरपालिका स्वास्थ्य शाखाको सहयोगमा प्रतिष्ठानको पेइङ्ग वार्डमा २०८१ असार ४ र ५ गते सम्पन्न उक्त कार्यक्रममा प्रतिष्ठानमा कार्यरत ७ सय १० जना महिलाहरुको परिक्षण गरिएको थियो ।

प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला, विराटनगर तथा धरान उपमहानगरपालिका, स्वास्थ्य शाखाले सो कार्यक्रमका लागि आवश्यक सम्पूर्ण टेष्ट किटहरु उपलब्ध गराएको थियो भने प्रतिष्ठानकी सिनियर ए.एन.एम. श्री पुजन सुब्बाले प्राविधिक सहयोग गर्नु भएको थियो । कार्यक्रमको शुभारम्भ गर्न धरान उपमहानगरपालिकाका स्वास्थ्य शाखा प्रमुख श्री उमेश मेहता तथा नर्सिङ्ग शाखा प्रमुख श्री दिपा अधिकारी अतिथिका रुपमा उपस्थित हुनुहुन्थ्यो भने प्रतिष्ठानका तर्फबाट नर्सिङ्ग संघ, बी.पी.के.आई.एच.एस. यूनिटकी अध्यक्ष तथा प्रतिष्ठानकी मेट्रोन श्री कला थापा लगायत वार्ड इन्चार्जहरुको उपस्थिति रहेको थियो । अतिथिद्वय मेहता तथा अधिकारीका साथै

प्राविधिक सहयोगी सुब्बालाई कार्यक्रममा मायाको चिनो प्रदान गरिएको थियो ।

हाल नेपालमा महिलाहरुको पाठेघरको मुखको क्यान्सर दिनानुदिन द्रुत गतिमा बढ्दै गरेको परिप्रेक्ष्यमा यस प्रकारको स्क्रिनिङ्ग कार्यक्रमले महिलाहरुलाई बेलैमा सचेत बनाई भ्बचथि कतबनभ मा नै पत्ता लागि बेलैमा उपचार गर्न सजिलो हुने बारे मेट्रोन थापाले सेरोफेरोलाई बताउनु भयो । महिलाहरुको पाठेघरको मुखको क्यान्सरको दिनादुदिन बढ्दो गतिलाई रोक्न समय समयमा यस प्रकार स्क्रिनिङ्ग कार्यक्रमको अत्यावश्यकता बारे पनि वहाँले औंल्याउनु भयो ।

## HIV सम्बन्धी CME कार्यक्रम सम्पन्न



प्रतिष्ठानको मेडिसिन विभागको तत्वावधानमा २०८१ जेष्ठ २३ गते प्रतिष्ठानको अडिटोरियममा "New Guideline on HIV Diagnosis and Case Management in Nepal" शिर्षकमा एक दिने CME कार्यक्रम सम्पन्न भएको छ ।

HIV संक्रमित बिरामीहरुको उपचारको नयाँ विधि र सो क्रममा निस्कने Health Care Related Waste हरुको व्यवस्थापन कसरी गर्ने विषयमा केन्द्रित उक्त कार्यक्रममा मेट्रोन, शिक्षक, चिकित्सक, नर्सिङ्ग इन्चार्जहरुका साथै विद्यार्थीहरुको उपस्थिति रहेको थियो । कार्यक्रमको प्रारम्भमा मेडिसिन विभागका प्रमुख डा.रोबिन मास्केले स्वागत मन्तव्य दिदै कार्यक्रमको उदेश्य र महत्व बारे प्रकाश पार्नु भएको थियो ।

उक्त कार्यक्रममा मुख्य वक्ताका रुपमा FHI 360 (Family Health International), नेपालकी ल्याब स्पेसिएलिष्ट श्री बीमा श्रेष्ठ उपस्थित हुनुभएको थियो । FHI 360 मानव विकासमा समर्पित एक गैर नाफामुलक संस्था हो । श्री श्रेष्ठले "Sharing of current status of HIV/AIDS, updated algorithms and guidelines of HIV testing, diagnosis and treatment along with EID, Vial Load, CD4 testing" विषयमा संभाषण दिनु भएको थियो । संभाषण पश्चात् प्रश्नोत्तर तथा छलफलको कार्यक्रम राखिएको थियो । अन्त्यमा मेडिसिन विभागका सिनियर रेसिडेन्ट डा.रञ्जित कुमारले धन्यवाद ज्ञापन गर्दै कार्यक्रम समापन भएको थियो ।

## प्रतिष्ठानमा Short-term Yoga Course सम्पन्न



दशौं अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा प्रतिष्ठानमा Short-term Yoga Course को आयोजना गरिएको छ । प्रतिष्ठानको बेसिक एण्ड क्लिनिकल फिजियोलोजी विभाग तथा Physician for Society Responsibility Nepal (PSRN) को संयुक्त तत्वावधानमा जुन २१ देखि २७, २०२४ सम्म सञ्चालन भएको उक्त कार्यक्रमको मूल नारा "Short-term Yoga Course for Holistic Health for Everyone" रहेको थियो ।

एक हप्तासम्म सञ्चालन भएको उक्त कार्यक्रमको उद्घाटन प्रतिष्ठानको अडिटोरियममा सो कार्यक्रमका प्रमुख अतिथि रहनु भएका शिक्षाध्यक्ष प्रा.डा.संजिव कुमार शर्माज्यूले पानसमा बत्ती बालेर गर्नु भएको थियो । दशौं अन्तर्राष्ट्रिय योग दिवस (जुन २१, २०२४ तद्नुसार २०८१ आषाढ ७ गते) का दिन उक्त उद्घाटन कार्यक्रममा डेपुटी अस्पताल निर्देशक डा.लोकेश शेखर जैसवाल लगायत प्रतिष्ठानका शिक्षक, चिकित्सक, प्रशिक्षक तथा कर्मचारीहरु गरी ६० जना भन्दा बढीको सहभागिता रहेको थियो । त्यहाँ उपस्थित सम्पूर्णलाई Yoga Course की Convener डा.रिता खड्काले स्वागत मन्तव्य राख्नु भएको थियो ।

कार्यक्रममा Convener डा.खड्काले Concept of Yoga and its importance for holistic health शिर्षकमा संभाषण दिंदै योग सम्बन्धी अवधारणा र मानिसको समग्र स्वास्थ्यमा योगको महत्व बारेमा प्रकाश पार्नु भयो । संभाषणकै क्रममा कार्यक्रमका प्रमुख वक्ता शिक्षाध्यक्ष प्रा.डा. शर्माले Yoga for Women Empowerment शिर्षकमा बोल्दै महिला सशक्तिकरणमा योगले खेल्न सक्ने महत्वपूर्ण भूमिकाका बारेमा दर्शाउनु भएको थियो । त्यसैगरी कार्यक्रमका Guest of honor डा.जैसवालले योगलाई आफ्नो दैनिकीमा कसरी समावेश गर्नुभएको छ सो बारेमा बताउदै त्यसले आफुलाई पुर्‍याएको सकारात्मक असरका बारेमा अनुभव बाड्नु भयो साथै आफुकहाँ आउने बिरामीहरुलाई समेत योगाभ्यासका लागि प्रोत्साहित गर्ने गरेको बारे बताउनु भयो ।

संभाषणको क्रम पश्चात् योग प्रशिक्षक श्री नबिन काफ्लेले ध्यान, आसन तथा प्राणायाम बारे छोटो रुपमा प्रदर्शनी गर्दै प्रशिक्षण समेत दिनु भएको थियो । अन्त्यमा डा.करिश्मा राजभण्डारीले उपस्थित सम्पूर्णलाई धन्यवाद मन्तव्य दिंदै कार्यक्रम समापन भएको थियो ।

सोही दिन (२०८१ आषाढ ७) बिहान देखि प्रतिष्ठानको कलेज ब्लकमा Short-term Yoga Course कार्यक्रमको संचालन गरिएको थियो र सो कार्यक्रम २०८१ आषाढ १३ गते समापन गरिएको थियो । योग प्रशिक्षक काफ्लेले संचालन गरेको उक्त Course मा १ सय भन्दा बढीले सहभागिता जनाएका थिए ।

कार्यक्रम फलदायी रहेको बताउँदै नियमित रुपमा योग कक्षा संचालन गर्न सके अझ राम्रो हुने सहभागीहरुले सुझाव दिएका थिए ।

## Recent Updates in Laparoscopic Hernia Surgery सम्बन्धी सेमिनार सम्पन्न



प्रतिष्ठानको जेनेरल सर्जरी बिभाग तथा मित्रराष्ट्र भारतको प्रतिष्ठित अस्पतालहरु मध्य एक, म्याक्स हेल्थ सेन्टरको संयुक्त आयोजनामा जुन २४, २०२४ (तद्नुसार २०८१ असार १० गते) मो इटहरी स्थित सोल्टी वेष्टेण्ड होटलमा "Recent Updates In Laparoscopic Hernia Surgery" शिर्षकमा एक दिने सेमिनार सम्पन्न भएको छ । राष्ट्रियगान तथा दिप प्रज्वलनबाट शुभारम्भ भएको उक्त कार्यक्रममा प्रतिष्ठान लगायत कोशी प्रदेशका बिराट मेडिकल कलेज, नोबेल मेडिकल कलेज, बि एण्ड सी मेडिकल कलेज, आम्दा हस्पिटल तथा विभिन्न स्वास्थ्य संस्थाका साथै भारतबाट समेत गरी १ सय भन्दा बढी शल्यचिकित्सक तथा स्वास्थ्यकर्मीहरुको उत्साहजनक सहभागिता रहेको थियो । प्रतिष्ठानको सर्जरी विभागका एडिसनल प्रोफेसर तथा प्रमुख डा.सुरेश प्रसाद शाह तथा एसिष्टेन्ट प्रोफेसर डा.अभिजीत कुमारले संयोजन गर्नु भएको उक्त कार्यक्रमको संचालन एसिष्टेन्ट प्रोफेसर डा.शारदा खड्काले गर्नु भएको थियो ।

उक्त अवसरमा तीन जना वरिष्ठ शल्य चिकित्सकहरुले Laparoscopic Hernia Surgery अन्तर्गतको विभिन्न विषयमा आ-आफ्नो प्रस्तुती दिनुभएको थियो । यसक्रममा, सर्वप्रथम भारतको नयाँ दिल्ली स्थित म्याक्स सुपरस्पेसियालिटी हस्पिटलका वरिष्ठ निर्देशक डा.मनिष बैजलले GE reflux and hiatus hernia शिर्षकमा प्रस्तुती दिनु भएको थियो । त्यसैगरी बिराटनगर स्थित बिराट मेडिकल कलेजका प्रा.डा.रोहित प्रसाद यादवले Decision making and safe groin surgery शिर्षकमा प्रस्तुती दिनु भएको थियो भने प्रतिष्ठानका सर्जरी विभागका प्रा.डा.राकेश कुमार गुप्ताले Decision making and safe ventral hernia surgery शिर्षकमा प्रस्तुती दिनु भएको थियो ।

कार्यक्रममा प्रश्नोत्तर सत्रमा सहभागी चिकित्सकहरु तथा वक्ताहरु बीच ज्ञानमूलक छलफल भएको थियो । कार्यक्रममा वक्ता, संयोजक तथा संचालकलाई उपहार स्वरुप मायाको चिनो प्रदान गरिएको थियो ।

कार्यक्रमका सहभागीहरुले सेमिनार निकै फलदायी रहेकोमा खुशी व्यक्त गर्दै यस्ता प्रकारका सेमिनारहरु नियमित रुपमा हुनुपर्ने निष्कर्ष सहित कार्यक्रमको समापन भएको थियो ।

## सहायक अस्पताल निर्देशकको अतिरिक्त जिम्मेवारी तथा महिला होस्टेल वार्डेनमा नियुक्ती

प्रतिष्ठानका उपकुलपति डा.ज्ञानेन्द्र गिरीज्यूले फार्माकोलोजी विभागका एसोसिएट प्रोफेसर डा. दिपेन्द्र प्रसाद सर्राफलाई सहायक अस्पताल निर्देशकको अतिरिक्त जिम्मेवारी तोक्नु भएको छ । वहाँलाई आफुले गर्दै आएको कार्यका अतिरिक्त प्रतिष्ठानको अस्पताल सेवाहरुको रेखदेख, सुपरिवेक्षण, विकास, विस्तार एवम् सुव्यवस्थित संचालनार्थ कार्य गर्ने गरि सो जिम्मेवारी तोकिएको हो । वहाँले अस्पताल निर्देशक प्रति जिम्मेवार रही सम्बन्धित कलेज/ विभाग/ महाशाखा/ शाखाहरुसँग समन्वय गरी कार्य गर्नु हुनेछ । वहाँको कार्यकाल २०८१ श्रावण १ गते देखि अर्को व्यवस्था नहुन्जेल सम्मका लागि हुनेछ ।

त्यसैगरी, प्रतिष्ठानको निर्णय अनुसार रजिष्ट्रार प्रा.डा.सूर्य प्रसाद संग्रौलाज्यूले मेटर्नल हेल्थ नर्सिङ्ग विभागकी सिनियर इन्स्ट्रक्टर (नर्सिङ्ग) श्री सपना श्रेष्ठलाई Undergraduate महिला छात्रावासको होस्टेल वार्डेनमा नियुक्त गर्नुभएको छ । आफुले हेर्दै आएको कार्यको अतिरिक्त वहाँले छात्रावास व्यवस्थापन सम्बन्धमा प्रमुख होस्टेल वार्डेन, डीन/सहायक डीन (शैक्षिक) एवम् शिक्षाध्यक्ष प्रति जिम्मेवार भई कार्य गर्नु हुनेछ । वहाँको कार्यकाल २०८१ आषाढ १३ गते देखि २ (दुई) वर्षका लागि हुनेछ ।

## Hand Washing सम्बन्धी CNE कार्यक्रम सम्पन्न




प्रतिष्ठानको Infection Control Committee अन्तर्गतको Hospital Infection Prevention and Control (HIPC) Team को तत्वावधानमा Hand Washing सम्बन्धी Continuous Nursing Education (CNE) कार्यक्रम सम्पन्न भएको छ ।

प्रतिष्ठानमा कार्यरत सम्पूर्ण नर्सहरुलाई Hand Washing सम्बन्धी चेतना अभिबृद्धी गर्ने उदेश्यले प्रारम्भ गरिएको उक्त कार्यक्रम विविध कारणहरुले गर्दा एकै स्थानमा, एकै मितिमा र एकै समयमा सम्पन्न गर्न सम्भव नहुने भएको हुँदा विभिन्न मिति र समयमा हरेक वार्ड वार्डमा गएर गरिएको थियो । HIPC Team की नर्सिङ्ग इन्चार्ज सिनियर स्टाफ नर्स कविता ढकाल तथा स्टाफ नर्स नपुना पोखेलले वार्ड वार्डमा गएर संचालन गर्नु भएको उक्त कार्यक्रम २०८० चैत्र ४ गते प्रारम्भ भई विभिन्न मितिमा हुँदै तेह्र वटा सेसनमा सम्पन्न भएको थियो । अन्तिम सेसन २०८१ आषाढ १२ गते सम्पन्न भएको थियो भने सो मिति सम्ममा ४ सय १५ जना नर्सहरु सहभागी भएका थिए ।

उक्त कार्यक्रममा सहभागीहरुलाई Surgical Hand Washing तथा Medical Hand Washing को बारेमा जानकारी गराउँदै विश्व स्वास्थ्य संगठनबाट निर्देशित हात धुँदा अपनाउनु पर्ने सात वटा चरणहरुका बारेमा प्रदर्शनी मार्फत सिकाइएको थियो । यसका साथै हात धुनु अनिवार्य हुने पाँच अवस्था (Before touching the patient, Before a procedure, After procedure or body of fluid exposure risk, After touching patient, After touching patient surrounding) का बारेमा पनि सिकाइएको थियो ।

अस्पतालका वार्डहरुमा कार्यरत चिकित्सक तथा नर्सहरुले Hand Washing को उचित तौर तरिका अपनाएमा त्यहाँ फैलने अस्पतालजन्य संक्रमण (Hospital Acquired Infection) मध्यको ५० प्रतिशत भन्दा बढी संक्रमणलाई रोकथाम गर्न सकिने शोधहरुले प्रमाणीत गरेको बारे बताउदै आगामी दिनमा पनि यो कार्यक्रम चलिरहने इन्चार्ज ढकालले सेराफेरोलाई जानकारी दिनु भयो ।

## Dengue update
### for the month Ashad, 2081

| | |
|---|---|
| Total test: | 598 |
| SN1 Positive: | 1 |
| IgM Positive: | 39 |
| IgG Positive: | 92 |
| NS1 & IgG Positive: | 0 |
| NS1 & IgM Positive: | 0 |
| IgM & IgG Positive: | 27 |
| NS1, IgM & IgG Positive: | 0 |
| Hospital Admission: | 4 |
| Hospital Death: | 0 |

Total Positive Case from Dharan: 28

Ward of Dharan with the highest no. of case: Ward No. 18

***Source: Hospital Administration***
***Parepared by Information & Communication Center***

## ALUMNI OF BPKIHS
### डा.विकास गौचनः एक परिचय



डा.विकास गौचन प्रतिष्ठानको एम.बी.बी.एस. सन् २००३ ब्याचका विद्यार्थी हुनुहुन्छ । वहाँले सन् २००९ मा एम.बी.बी.एस्. उत्तीर्ण गर्नुभएको हो । आफ्नो एम.बी.बी.एस् अध्ययन पश्चात् वहाँले प्रतिष्ठानमा हाउस अफिसरको हैसियतले एक वर्ष कार्य गर्नु भयो । तत्पश्चात् वहाँले सन् २०१० मा सूदुरपश्चिमको अछाम स्थित बयलपाटा अस्पतालमा मेडिकल डाइरेक्टरका हैसियतले सेवा प्रवेश गर्नु भयो ।

वहाँले सन् २०१४ मा प्रतिष्ठानबाट जेनेरल प्राक्टिस एण्ड इमर्जेन्सी मेडिसिन विषयमा स्नातकोत्तर गर्नु भयो । आफ्नो स्नातकोत्तर अध्ययन पश्चात् वहाँले सन् २०१४ मा पुनः बयलपाटा अस्पतालमा मेडिकल डाइरेक्टरको हैसियतले सेवा प्रवेश गरी सन् २०२० सम्म कार्य गर्नु भयो । वहाँ त्यहाँ मेडिकल डाइरेक्टर रहँदै गर्दाको अवधीमा सो अस्पतालको व्यापक विकास विस्तारमा उल्लेखनीय कार्यहरु भएका थिए ।

वहाँले अमेरिकाको सान फ्रान्सिस्कोमा अवस्थित University of California को छात्रवृत्तीमा त्यहाँ Global health equity, action and leadership विषयमा दुई बर्षे Fellowship गर्नु भएको छ । वहाँले संयुक्त अधिराज्य ब्रिटेनको University of Liverpool बाट छात्रवृत्तीमा Master's in Public Health (MPH) गर्नु भएको छ । यसका साथै Harvard Medical School को छात्रवृत्तीमा Global Health Delivery Intensive (GHD() Course तथा Effective Writing for Health Care (EWHC) course गर्नु भएको छ । हाल वहाँ सन् २०२० देखि पोखरामा अवस्थित गण्डकी प्रदेश सरकार अन्तर्गतको प्रादेशिक Infectious and Communicable Disease Hospital (ICDH) मा कार्यकारी निर्देशकका हैसियतले कार्यरत हुनुहुन्छ । हाल वहाँ South Asian treasurer of World Organization of Family Doctors का साथै General Practice & Emergency Medicine Association of Nepal (GPEMAN) को Joint Secretary हुनुहुन्छ ।

वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका पूर्व विद्यार्थी डा.गौचनले यसरी राष्ट्रिय/अन्तरर्राष्ट्रिय मञ्चमा चिकित्सा शिक्षा र सेवाको क्षेत्रमा पाएको उपलब्धी र लोकप्रियताले प्रतिष्ठानको समेत ख्याती फैलाउन सहयोग पुऱ्याएकोमा प्रतिष्ठान परिवार वहाँलाई धन्यवाद व्यक्त गर्दै उज्वल भविष्यको लागि शुभकामना व्यक्त गर्दछ ।

## ALUMNI OF BPKIHS
### डा.प्रेनित कुमार पोखेलः एक परिचय



डा.प्रेनित कुमार पोखेल प्रतिष्ठानको बी.डी.एस्. सन् २००० ब्याचका विद्यार्थी हुनुहुन्छ । वहाँले सन् २००५ मा बी.डी.एस्. उत्तीर्ण गर्नुभएको हो । आफ्नो बी.डी.एस्. अध्ययन पश्चात वहाँले सन् २००६ देखि २००७ सम्म प्रतिष्ठानमा डेन्टल सर्जनको हैसियतले कार्य गर्नु भयो भने सन् २००७ देखि २००८ सम्म काठमाडौं स्थित पिपुल्स डेन्टल कलेजमा डेन्टल ट्युटरको हैसियतले कार्य गर्नु भयो । वहाँले काठमाडौं विश्वविद्यालयबाट ओरल एण्ड म्याक्जिलोफेसियल सर्जरी विषयमा सन् २०११ मा स्नातकत्तोर गर्नुभएको छ । आफ्नो स्नातकोत्तर अध्ययन पश्चात् कान्तिपुर डेन्टल कलेज एण्ड हस्पिटलमा सन् २०११ मा सेवा प्रवेश गरि सन् २०२२ सम्म लामो समय कार्य गर्दै गर्दा त्यहाँको एसोसिएट प्रोफेसर तथा विभागीय प्रमुखको हैसियतले समेत जिम्मेवारी सम्हाल्नु भयो । तत्पश्चात् वहाँले नेपाल मेडिकल कलेज अन्तर्गतको कलेज अफ डेन्टल साइन्सेजमा सन् २०२२ देखि २०२३ सम्म कार्य गर्नु भयो। हाल वहाँ २७ अगष्ट २०२३ देखि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको डीनको हैसियतले कार्यरत हुनुहुन्छ ।

वहाँले बेल्जियम स्थित AZ Hospital, Bruggee बाट डेनमार्कको कोपनहेगन यूनिभर्सिटी अन्तर्गतको University Hospital बाट भिजिटिङ्ग सर्जनका हैसियतले तालिम प्राप्त गर्नु भएको छ । कोपनहेगनमा रहदै गर्दा केहि समय वहाँले European Science Open Forum तथा Red Cross Asylum Centre मा स्वयं सेवक भई सेवा पुऱ्याउनु भएको छ । त्यसैगरी वहाँले नेपालमा सन् २०१९ मा नेपाल मेडिकल काउन्सिलबाट प्रमाणित Emergency Management of Medical Complication in Dental Chair सम्बन्धी तालिम पनि प्राप्त गर्नु भएको छ । वहाँले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्वास्थ्य जर्नलहरुमा अनुसन्धानात्मक लेखहरु प्रकाशित गरि स्वास्थ्य अनुसन्धानको क्षेत्रमा टेवा पुऱ्याउनु भएको छ ।

बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका पूर्व विद्यार्थी डा.पोखेलले यसरी राष्ट्रिय/अन्तरर्राष्ट्रिय मञ्चमा चिकित्सा शिक्षा र सेवाको क्षेत्रमा पाएको उपलब्धी र लोकप्रियताले प्रतिष्ठानको समेत ख्याती फैलाउन सहयोग पुऱ्याएकोमा प्रतिष्ठान परिवार वहाँलाई धन्यवाद व्यक्त गर्दै उज्वल भविष्यको लागि शुभकामना व्यक्त गर्दछ ।

# आ.व. २०८०/८१ मा सेरोफेरोमा संप्रेषित खबरहरुका शिर्षकहरु:

**२०८० श्रावण**

- प्रा.डा.कार्कीलाई का.मु.उपकुलपतिको जिम्मेवारी
- प्रतिष्ठानमा छुट्टै डेंगी क्लिनिक तथा डेंगी अस्पताल संचालनमा
- डेंगी रोग नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी दुइदिने अभिमुखिकरण कार्यक्रम सम्पन्न
- मस्तिष्क जागरुकता सप्ताह (Brain Awareness Week) सम्पन्न
- शिवजट्टा खानेपानी मुहान क्षेत्र सरसफाई तथा वृक्षारोपण कार्यक्रम
- प्रतिष्ठानमा Mediquiz Nepal 2023 सम्पन्न
- इन्टर्नल मेडिसिन विभागमा थप सेवा विस्तार
- Alumni of BPKIHS: प्रा.डा.पविना राणा रायमाझी/डा.रुद्र मरासनी
- हार्दिक श्रद्धाञ्जली: स्व.उषा वास्फोर

**२०८० भाद्र + असोज**

- Professional Development on Essential of Student\s Assessment सम्बन्धी तालिम सम्पन्न
- Research Forum Meet
- मूल्यांकन समितिको संयोजकमा डा.सिंह
- खरीद इकाई गठन
- जनशक्ति पहिचान समितिको संयोजकमा डा.श्रेष्ठ
- रोटरी क्लब, धरानद्वारा व्हिल चेयर प्रदान
- Alumni of BPKIHS: डा.विनय कुमार शाह/डा.सुगन्धा दुरेजा
- हार्दिक श्रद्धाञ्जली: स्व.फुलादेवी राम मोची / स्व.अम्बिका माखिम

**२०८० कार्त्तिक**

- खरीद इकाई पुनर्गठित
- Mortality Review Committee को संयोजकमा अस्पताल निर्देशक
- सवारी साधन व्यवस्थापन समिति गठन बारे
- प्रतिष्ठानमा विश्व मानसिक स्वास्थ्य दिवस मनाइयो
- बायो इथिक्स दिवस सम्पन्न
- Duty hour कायम गरिएको
- Diagnostic Stewardship: Role of clinical microbiology laboratories सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न
- Alumni of BPKIHS: डा.मंगल रावल
- हार्दिक श्रद्धाञ्जली: स्व.पार्वती थापा / स्व.रमेश पोखेल

**२०८० मंसिर + पौष**

- का.मु.उपकुलपतिबाट प्रतिष्ठानको Annual Report & Plan of Action पुस्तकको अनावरण
- विभिन्न विभागहरुमा विभागीय प्रमुख नियुक्त
- प्रतिष्ठानमा नेपालकै पहिलो 3D Gait Analysis Lab स्थापना
- अस्पताल फार्मेसी सुसंचालनार्थ समितिहरु गठन
- सर्पदंशको व्यवस्थापन तथा उपचार सम्बन्धी तालिम सम्पन्न
- अनुगमन टोली गठन
- आवास व्यवस्थापन समिति गठन
- प्रतिष्ठानको बील काउण्टरमा सेवाग्राहीका लागि टोकन सेवा शुरु
- केन्द्रिय पुस्तकालयमा नयाँ पुस्तकहरु थप
- Alumni of BPKIHS: डा.संजय कुमार यादव

**२०८० माघ + फाल्गुण**

- माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीबाट प्रतिष्ठानको अवलोकन तथा निरीक्षण भ्रमण सम्पन्न
- प्रतिष्ठानमा महत्वपूर्ण पदहरुमा नियुक्ती तथा मनोनयन
- प्रतिष्ठानमा Advance Hernia Surgery Symposium 2024 सम्पन्न
- दन्त चिकित्सा शास्त्रका विद्यार्थीहरु राष्ट्रिय / अन्तर्राष्ट्रिय पुरस्कारबाट पुरस्कृत
- Breast Cancer सम्बन्धी CNE कार्यक्रम सम्पन्न
- साइकियाट्री वार्डको स्थापना दिवस मनाइयो
- परिक्रमा पत्रिका लोकार्पण
- विद्यार्थी कल्याण समाजद्वारा आयोजित हिप्पोकेटिक सपथ (Hippocratic Oath) ग्रहण तथा विदाई कार्यक्रम सम्पन्न
- शिक्षक तथा कर्मचारीहरुको अन्तर्वाता सुचारु
- हार्दिक श्रद्धाञ्जली: स्व.प्रा.डा.सत्येन्द्र नारायण सिंह / स्व.मोहनलाल उराँव / स्व. भिम कुमारी परियार
- Alumni of BPKIHS: प्रा.डा.नारायण बिक्रम थापा / डा.लोकेन्द्र कुमार ठाकुर

**२०८० चैत्र**

- उपकुलपति डा.ज्ञानेन्द्र गिरीज्यूबाट पद बहाली
- प्रतिष्ठानको केही महत्वपूर्ण पदहरुमा नियुक्ती
- शैक्षिक सत्र २०२४-२०२५ को स्नातक तहको भर्ना प्रकृया तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न
- प्रतिष्ठानमा World Oral Health Day 2024 मनाइयो
- International Diabetes & Endocrinology सम्बन्धी CME कार्यक्रम सम्पन्न
- Bioethics सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न
- पाँच वर्षे बालकको आँखाको जटिल शल्यक्रिया सम्पन्न
- Alumni of BPKIHS: डा.बिरेन्द्र प्रसाद साह / प्रा.डा.अंकुर शाह

**२०८१ बैशाख**

- नयाँ वर्ष २०८१ सालको अवसरमा पदाधिकारीज्यूहरुबाट शुभकामना सन्देश
- संचालक परिषद्को ४५औं सभा सफलतापुर्वक सम्पन्न
- Institutional Review Committee (IRC) को रिक्त पदहरुमा मनोनयन
- कोशी प्रदेशका जिल्ला अस्पतालहरुमा प्रतिष्ठानबाट टेलिमेडिसिन सेवा शुरु
- Breast Cancer सम्बन्धी CNE कार्यक्रम सम्पन्न
- Alumni of BPKIHS: डा.सतिस कुमार देव / डा.डबल बहादुर धामी

**२०८१ जेष्ठ + असार**

- B.Sc. MLT. Curriculum Review Workshop सम्पन्न
- प्रतिष्ठानमा नयाँ प्रवक्ता तथा सह प्रवक्ता नियुक्त
- प्रतिष्ठानमा 3rd Medicine Update 2024 सम्पन्न
- प्रतिष्ठानमा २४औं अन्तर्राष्ट्रिय नर्सिङ्ग दिवस मनाइयो
- नि:शुल्क स्वास्थ्य परिक्षण
- Climate Informed EWARS सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न
- प्रा.डा.शर्मा सम्मानित
- विद्यार्थीहरुको Blood donation Committee द्वारा एक दिने CME कार्यक्रम सम्पन्न
- प्रा.डा.चौधरी नेपाल सरकारद्वारा नियुक्त
- स्नातक तथा स्नातकोत्तर छात्राबासको नयाँ वार्डेनहरु नियुक्त
- Alumni of BPKIHS: डा.सन्दिप बस्नेत / प्रा.डा. रमेश सिंह भण्डारी

---------------*****---------------

## आ.व. २०८०/८१ मा सेरोफेरोमा संप्रेषित केहि तस्विरहरु:



















# OT Schedule of B.P. Koirala Institute of Health Sciences, Dharan, Nepal

| Department | Sunday | Monday | Tuesday | Wednesday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| Ophthalmology (Eye) | | Prof.Dr.Poonam Lavaju | | Prof.Dr.Poonam Lavaju | | Prof.Dr.Poonam Lavaju |
| | | Dr.Sangeeta Shah | | | | |
| Orthopedics | TEAM – C | Rotation | TEAM – B | Rotation | TEAM - A | Rotation |
| | Prof.Dr.Bikram Psd. Shrestha | | Prof.Dr.Rajiv Maharjan | | Prof.Dr.Raju Rijal | |
| | Dr.Amit Limbu | | Dr.Rosan Prasad Shah Kalawar | | Dr.Ashish Pandey | |
| | Dr.Pramod Baral | | Dr.Yam Bahadur Gurung | | Dr.Dipendra Mishra | |
| | Dr.Jitendra Shah | | | | | |
| General Surgery | Prof.Dr.Rakesh Kr. Gupta | Dr.Suresh Psd. Sah | Prof.Dr.Rakesh Kr. Gupta | Dr.Suresh Psd. Sah | Prof.Dr.Rakesh Kr. Gupta | |
| | Dr.Rikesh Jung Karki | Dr.Sharada Khadka | Dr.Rikesh Jung Karki | Dr.Sharada Khadka | Dr.Rikesh Jung Karki | |
| | Dr.Rajesh Psd. Sah | Dr.Rupesh Psd. Sah | Dr. Abhijeet Kumar | Dr.Rupesh Psd. Sah | Dr. Abhijeet Kumar | |
| | Dr. Abhijeet Kumar | Dr.Nirmal Psd. Sah | Dr.Bhawani Khanal | Dr.Nirmal Psd. Sah | Dr.Alok Dahal | |
| | Dr.Bhawani Khanal | Dr.Vijay Shrestha | Dr.Samir Chaudhary | Dr.Vijay Shrestha | Dr.Bhawani Khanal | |
| | Dr.Samir Chaudhary | | | | Dr.Samir Chaudhary | |
| GI Surgery | | Prof.Dr.Shailesh Adhikary | | Prof.Dr.Shailesh Adhikary | | |
| | | Dr.Kunal Bikram Deo | | Dr.Kunal Bikram Deo | | |
| CTVS | | Dr.Lokesh S, Jaiswal | | Dr.Lokesh S. Jaiswal | | |
| | | Dr.Bijay Sah | | Dr.Bijay Sah | | |
| Otorhinolaryngology and Head & Neck Surgery (ENT) | Prof. Dr. Sangita Bhandari | Prof. Dr. Sangita Bhandari | Prof. Dr. Sangita Bhandari | Prof.Dr.Shyam Thapa Chettri | Prof.Dr.Shyam Thapa Chettri | Prof.Dr.Shyam Thapa Chettri |
| | Dr. Deepak Paudel | Dr. Deepak Paudel | Dr. Deepak Paudel | Dr.Shankar P. Shah | Dr.Shankar P. Shah | Dr.Shankar P. Shah |
| | Dr.Paras Raj Amatya | Dr.Paras Raj Amatya | Dr.Paras Raj Amatya | Dr.Sudeep Mishra | Dr.Sudeep Mishra | Dr.Sudeep Mishra |
| Dermatology& Venereology | Dr.Nidhi Shah | Dr.Dhan Keshar Khadka | Prof.Dr.Sudha Agrawal | Dr.Prajwal Pandey | Dr.Dhan Keshar Khadka | Prof.Dr.Sudha Agrawal |
| Obstetrics &Gynaecology | Dr.Pappu Rijal | Dr.Pappu Rijal | Dr.Pappu Rijal | Dr.Baburam Dixit Thapa | Dr.Achala Thakur | |
| | Dr.Ramesh Shrestha | Dr.Ramesh Shrestha | Dr.Ramesh Shrestha | Dr.Tulasa Basnet | | |
| | Dr.Baburam Dixit Thapa | Dr.Baburam Dixit Thapa | Dr.Baburam Dixit Thapa | | | |
| | Dr.Tulasa Basnet | Dr.Tulasa Basnet | Dr.Tulasa Basnet | | | |

***Prepared by: Information and Communication Center*** ***Source: Hospital Administration/Concerned Departments***

# Paying OPD Schedule of B.P. Koirala Institute of Health Sciences, Dharan, Nepal

| Department | Sunday | Monday | Tuesday | Wednsday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| Psychiatry | Dr.Sanjeev Kumar Mishra | Dr.Suren Limbu | Prof.Dr.Dhana Ratna Shakya | Dr.Suraj Nepal | Dr. Madhur Basnet | |
| Orthopaedics | Prof.Dr.Raju Rijal | Prof.Dr.Rajiv Maharjan | Prof.Dr.Bikram Psd. Shrestha | Prof.Dr.Raju Rijal | Prof.Dr.Bikram Psd. Shrestha | Dr.Pramod Baral |
| | Dr.Ashish Pandey | Dr.Rosan Prasad Shah Kalawar | Dr.Pramod Baral | Dr.Ashish Pandey | Prof.Dr.Rajiv Maharjan | Dr.Jitendra Shah |
| | | Dr.Yam Bahadur Gurung | Dr.Jitendra Shah | | Dr.Rosan Prasad Shah Kalawar | |
| | | | | | Dr.Yam Bahadur Gurung | |
| Internal Medicine | Dr.Bhupendra Shah | Dr.Robin Maskey | Dr.Bhupendra Shah | Dr.Bhupendra Shah | Dr.Robin Maskey | Dr.Bhupendra Shah |
| | | Dr.Bhupendra Shah | | | Dr.Bhupendra Shah | |
| Cardiology | Dr.Navin K. Pandey | Dr.Navin K. Pandey | Dr.Navin K. Pandey | Dr.Navin K. Pandey | Dr.Navin K. Pandey | |
| | | | | | Dr.Jeet Prasad Ghimire | Dr.Jeet Prasad Ghimire |
| Gastroenterology | Prof.Dr.Bickram Pradhan | | Prof.Dr.Bickram Pradhan | | Prof.Dr.Bickram Pradhan | |
| | Dr.Sandip Raj Bajracharya | Dr.Sandip Raj Bajracharya | Dr.Sandip Raj Bajracharya | Dr.Sandip Raj Bajracharya | Dr.Sandip Raj Bajracharya | |
| Pulmonary, Critical Care and Sleep Medicine | Dr.Rejina Shahi | Dr.Rejina Shahi | Dr.Rejina Shahi | Dr.Rejina Shahi | Dr.Rejina Shahi | |
| General Surgery | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Abhijeet Kumar// Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Abhijeet Kumar// Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Abhijeet Kumar// Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Abhijeet Kumar// Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Abhijeet Kumar// Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Abhijeet Kumar// Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle |
| GI Surgery | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary |
| | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo |
| CTVS | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal |
| | Dr.Bajay Sah | Dr.Bajay Sah | Dr.Bajay Sah | Dr.Bajay Sah | Dr.Bajay Sah | Dr.Bajay Sah |
| ENT | Dr.Shankar P. Sah | Dr.Sudeep Mishra | Dr.Deepak Paudel | Dr.Paras Raj Amatya | Dr.Shyam Thapa Chettri | |
| Dermatology & Venereology | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | |
| GP & Emergency Medicine | Dr.Rajani Giri | Dr.Rabin Bhandari | Dr.Rabin Bhandari | Dr.Ashok Yadav | Dr.Ajay K. Yadav | Doctors will be available as per the departmental instructions |
| | Dr.Ajay K. Yadav | Dr.Masum Paudel | Dr.Masum Paudel | Dr.Pramendra P. Gupta | Dr.Ritesh Chaudhary | |
| | Dr.Ritesh Chaudhary | Dr.Ashok Yadav | Dr.Rajani Giri | Dr.Bajaya Devi Aryal | Dr.Vijay K. Shrivastaw | |
| | Dr.Bijaya Devi Aryal | Dr.Pramendra P. Gupta | Dr.Vijaya K. Shrivastaw | | | |
| Obstetrics & Gynaecology | Dr.Pappu Rijal | Dr.Pappu Rijal | Dr.Achala Thakur | Dr.Achala Thakur | Dr.Baburam Dixit Thapa | Dr.Baburam Dixit Thapa |
| | Dr.Punita Yadav | Dr.Manoj Kumar Sah | Dr.Surya Psd. Rimal | Dr.Jyotsna Yadav | Dr.Ramesh Shrestha | |
| Paediatrics | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh hatta |

***Prepared by: Information and Communication Center*** ***Source : Hospital Administration/Concerned Departments***

# OPD Schedule of B.P. Koirala Institute of Health Sciences, Dharan, Nepal

| Department | Sunday | Monday | Tuesday | Wednesday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| Ophthalmology (Eye) | Prof. Dr. Poonam Lavaju | SR/JR | SR/JR | Dr. Sangeeta Shah | Prof. Dr. Poonam Lavaju | SR/JR |
| | Dr. Sangeeta Shah | | | | Dr. Sangeeta Shah | |
| | | | | | | |
| Psychiatry | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari | Prof. Dr. Dhana Ratna Shakya | Dr.Madhur Basnet | Dr. Rinku Gautam Joshi | Prof.Dr. Baikuntha Raj Adhikari |
| | Dr. Madhur Basnet | Dr. Rinku Gautam Joshi | Dr. Sanjeev Kumar Mishra | Dr. Suraj Nepal | Dr.Madhur Basnet | Dr. Rinku Gautam Joshi |
| | Dr. Sanjeev Kumar Mishra | Dr. Suraj Nepal | Dr. Suren Limbu | Dr. Suren Limbu | Dr.Sanjeev Kumar Mishra | Dr. Suraj Nepal |
| | Dr. Suren Limbu | Dr. Binod K. Deo (Psychology) | Dr. Rajesh Kumar (Psychology) | Dr.Binod K. Deo (Psychology) | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod Kumar Deo (Psychology) |
| | Dr. Rajesh Kumar (Psychologist) | | | | | |
| Orthopaedics | Prof.Dr.Raju Rijal | Prof.Dr.Rajiv Maharjan | Prof.Dr.Bikram Prasad.Shrestha | Prof.Dr.Raju Rijal | Prof.Dr.Rajiv Maharjan | Prof.Dr.Bikram Prasad.Shrestha |
| | Dr.Ashish Pandey | Dr.Rosan Prasad Shah Kalawar | Dr.Amit Limbu | Dr.Ashish Pandey | Dr.Rosan Prasad Shah Kalawar | Dr.Amit Limbu |
| | Dr.Dipendra Mishra | Dr.Yam Bahadur Gurung | Dr.Pramod Baral | Dr.Dipendra Mishra | Dr.Yam Bahadur Gurung | Dr.Pramod Baral |
| | | | Dr.Jitendra Shah | | | Dr.Jitendra Shah |
| Internal Medicine | Prof. Dr. Sanjib Kumar Sharma | Dr. Robin Maskey | Prof. Dr. Sanjib Kumar Sharma | Dr. Soniya Dulal | Dr. Robin Maskey | Dr. Soniya Dulal |
| | Dr. Bhuendra Shah | | Dr. Bhupendra Shah | Dr. Rajiv Sharma | | Dr. Rajiv Sharma |
| Cardiology | Dr.Jeet Prasad Ghimire | Dr. Navin Kumar Pandey | Dr.Jeet Prasad Ghimire | Dr. Navin Kumar Pandey | Dr.Jeet Prasad Ghimire | Dr. Navin Kumar Pandey |
| Gastroenterology& Hepatology | | Prof. Dr. Bickram Pradhan | | | Prof. Dr. Bickram Pradhan | |
| | | Dr.Denish Piyush | | | Dr.Denish Piyush | |
| | | Dr. Sandip Bajracharya | | | Dr. Sandip Bajracharya | |
| Pulmonology, Critical Care and Sleep Medicine | Prof. Dr. Narendra Bhatta | | Prof. Dr. Narendra Bhatta | | | |
| | Dr.Rejina Shahi | | Dr. Rejina Shahi | | | |
| General Surgery | Dr. Suresh Prasad Sah | Prof. Dr. Rakesh Kumar Gupta | Dr. Suresh Prasad Sah | Prof. Dr. Rakesh Kumar Gupta | Dr. Suresh Prasad Sah | Prof. Dr. Rakesh Kumar Gupta |
| | Dr. Sharada Khadka | Dr. Rikesh Jung Karki | Dr. Sarada Khadka | Dr. Rikesh Jung Karki | Dr. Sarada Khadka | Dr. Rikesh Jung Karki |
| | Dr. Vijay Shrestha | Dr. Rajesh Prasad Sah | Dr. Vijay Shrestha | Dr. Rajesh Prasad Sah | Dr. Vijay Shrestha | Dr. Rajesh Prasad Sah |
| | | Dr. Abhijeet Kumar | | Dr. Abhijeet Kumar | | Dr. Abhijeet Kumar |
| | | Dr. Alok Dahal | | Dr. Alok Dahal | | Dr. Alok Dahal |
| | | Dr. Bhawani Khanal | | Dr. Bhawani Khanal | | Dr. Bhawani Khanal |
| | | Dr. Samir Chaudhary | | Dr. Samir Chaudhary | | Dr. Samir Chaudhary |
| | | Dr.Awaj Kafle | | Dr.Awaj Kafle | | Dr.Awaj Kafle |
| GI Surgery | Prof. Dr. Shailesh Adhikary | | Prof. Dr. Shailesh Adhikary | | Prof. Dr. Shailesh Adhikary | |
| | Dr. Kunal Bikram Deo | | Dr. Kunal Bikram Deo | | Dr. Kunal Bikram Deo | |
| CTVS | | | Dr. Lokesh Shekhar Jaiswal | | Dr. Lokesh Shekhar Jaiswal | |
| | | | Dr. Bijay Sah | | Dr. Bijay Sah | |
| Otorhinolaryngology and Head & Neck Surgery (ENT) | Prof. Dr. Shyam Thapa | Prof. Dr. Shyam Thapa | Prof. Dr. Shyam Thapa | Prof. Dr. Sangita Bhandari | Prof. Dr. Sangita Bhandari | Prof. Dr. Sangita Bhandari |
| | ` Dr.Shankar P. Shah | ` Dr.Shankar P. Shah | ` Dr.Shankar P. Shah | Dr.Bajranga P. Shah | Dr.Bajranga P. Shah | Dr.Bajranga P. Shah |
| | Dr. Sudeep Mishra | Dr. Sudeep Mishra | Dr. Sudeep Mishra | Dr. Deepak Paudel | Dr. Deepak Paudel | Dr. Deepak Paudel |
| | | | | Dr. Paras Raj Amatya | Dr. Paras Raj Amatya | Dr. Paras Raj Amatya |
| Dermatology& Venereology | Prof. Dr. Sudha Agrawal | Dr. Nidhi Sah | Dr. Dhan Keshar Khadka | Dr. Nidhi Sah | Prof. Dr. Sudha Agrawal | Dr. Dhan Keshar Khadka |
| | Dr. Prajwal Pandey | | | | Dr. Prajwal Pandey | |
| General Practice & Emergency Medicine | Dr. Rajani Giri | Dr. Rabin Bhandari | Dr. Rabin Bhandari | Dr. Ashok Yadav | Dr. Ajay K. Yadav | As per Rotation |
| | Dr. Ajay Kumar Yadav | Dr. Masum Paudel | Dr. Masum Paudel | Dr. Pramendra Gupta | Dr. Ritesh Chaudhary | |
| | Dr. Ritesh Chaudhary | Dr. Ashok Yadav | Dr. Rajani Giri | Dr. Bijaya Devi Aryal | Dr. Vijay K. Shrivastav | |
| | Dr. Bijaya Devi Aryal | Dr. Pramendra Gupta | Dr. Vijay K. Shrivastav | | | |
| Obstetrics & Gynaecology | Dr. Pritha Basnet | Dr. Pritha Basnet | Dr. Pappu Rijal | Dr. Pappu Rijal | Dr. Achala Thakur | Dr. Achala Thakur |
| | Dr. Baburam (Dixit) Thapa | Dr. Baburam (Dixit) Thapa | Dr. Punita Yadav | Dr. Punita Yadav | Dr. Anamika Das | Dr. Anamika Das |
| | Dr. Ramesh Shrestha | Dr. Ramesh Shrestha | Dr. Manoj Kumar Sah | Dr. Manoj Kumar Sah | | |
| | Dr.Tulasa Basnet | Dr.Tulasa Basnet | Dr. Jyotsna Yadav | Dr. Jyotsna Yadav | | |
| | Dr. Dipa Shah | Dr. Dipa Shah | | | | |
| Pediatrics & Adolescent Medicine | Dr. Shyam Prasad Kafle | Prof. Dr. Gauri S. Shah | Dr. Shipra Chaudhary | Prof. Dr. Nisha Keshari Bhatta | Dr. Shyam Prasad Kafle | Dr. Shankar Prasad Yadav |
| | Dr. Basant Rai | Dr. Shipra Chaudhary | Dr. Mukesh Bhatta | Dr. Arun Kumar Singh | | Dr. Basant Rai |
| | Dr. Mukesh Bhatta | Dr. Shankar Prasad Yadav | | | | Dr. Arun K. Singh |

***Prepared by: Information and Communication Center*** ***Source : Hospital Administration/Concerned Departments***

## Status of Operations done in Ashad - 2081

| Types of OT | Major | | Intermediate | | Minor | | Total |
|---|---|---|---|---|---|---|---|
| | General | Paying | General | Paying | General | Paying | |
| Routine | 331 | 353 | 53 | 35 | 93 | 32 | 897 |
| Obst. & Gynae | 316 | 33 | 7 | 0 | 106 | 20 | 482 |
| Emergency | 94 | 0 | 24 | 0 | 12 | 0 | 130 |
| Day Care | 0 | 0 | 11 | 6 | 71 | 63 | 151 |
| Derma * | 87 | 21 | 417 | 72 | 331 | 64 | 992 |
| **Total** | **828** | **407** | **512** | **113** | **613** | **179** | **2652** |

General OT : 1953 — *Number of safe abortion care service done : 54*

Paying OT: 699 — *Number of cases done in Cardiac Catheterization Laboratory: 139*

** Asthetic procedures included in minor: 67*

***Prepared by Inaormtion and Communication Center*** ***Source: Hospital Administration***

## सम्पादन समूह

प्रा.डा.अन्जु प्रधान, प्रवक्ता

डा.अभिजीत कुमार, सह-प्रवक्ता

निरज पोखेल, एडमिनिष्ट्रेटिभ असिष्टेन्ट

सूचना तथा सञ्चार केन्द्र

फोन नं.:०२५-५२५५५५-४०००/२०९२

info.bpkihs@bpkihs.edu

spokesperson.bpkihs@bpkihs.edu